Nepali

# किन्डरगार्डेनमा

## स्वागत छ

## अभिभावकहरुको लागि मार्गदर्शक (गाईड)



# किन्डरगार्डेनको लागि **तयार हुनुहोस्**

## किन्डरगार्डेनमा स्वागत छ!

Metro Nashville Public Schools (MNPS) मा राष्ट्र मध्ये एक सबै भन्दा राम्रो किन्डरगार्डेन प्रोग्राम छ। हाम्रो किन्डरगार्डेन कक्षा कोठा पर्याप्त पढ्ने अवसरहरूले भरिएका छन् जसले तपाइँको बच्चाको शिक्षालाई अघि बढाउनेछ र उसलाई पहिलो ग्रेडको लागि तयार पार्नेछ। हामी तपाईंको बच्चाले आजीवन शैक्षिक यात्रामा यो ठूलो पाइला लिइरहेकोमा तपाई र विद्यार्थीसंग उतेजना साझेदार गर्छौं।

किन्डरगार्डेन तपाईंको बच्चाको लागि एक रोमाञ्चक समय हो। यो गाईडले तपाईंलाई किन्डरगार्डेन प्रोग्रामको एक सिंहावलोकन र तपाईंको बच्चाको शैक्षिक वर्ष शुरू भएदेखि आफ्नो विकास र शिक्षाको बारेमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ। याद राख्नुहोस्, तपाईंको बच्चाको शिक्षामा तपाईको रुचि र संलग्नताले शिक्षाको लागि सकरात्मक दृष्टिकोण र शैक्षिक उपलब्धिलाई अघि बढाउछ।

यदि तपाइँसँग MNPS वा हाम्रो किन्डरगार्डेन प्रोग्रामको बारेमा कुनै प्रश्नहरू छन् भने कृपया तपाइँको बच्चाको स्कूल प्रिन्सिपललाई सम्पर्क गर्नुहोस् वा हाम्रो वेबसाइट ***earlylearning.mnps.org***. मा जानुहोस्।



# किन्डरगार्डेन प्रोग्राम

किन्डरगार्डेन प्रि-के – १२ शैक्षिक प्रोग्रामको एक महत्वपूर्ण अंश हो। MNPS ले ५ वर्षे बच्चाहरुका लागि पूरा दिन किन्डरगार्डेन कक्षाहरु प्रदान गर्दछ। अनुसन्धानले यो देखाउँदछ कि जब परिवारका सदस्यहरूले विद्यार्थीहरुको शिक्षामा सक्रिय भूमिका खेल्छन् विद्यार्थीहरूले उच्च प्राप्तकर्ताहरू हुन्छन्। तपाईको बच्चाको शिक्षक, शिक्षिकाले स्कूल वर्ष भरी परिवारलाई कक्षामा भाग लिन अवसरहरु प्रदान गर्नेछ।

MNPS को किन्डरगार्डेन कक्षाहरुमा टेनेसी राज्य मानक (Tennessee State Standards) लागू छन्। किन्डरगार्डेनमा पढाएको मानकहरु र पाठ्यक्रम बारे थप जान्नको लागि कृपया ***www.mnps.org*** मा गएर Curriculum र Instruction सेक्सन ( Learn मुनि) मा जानुहोस्।
कृपया यो जानकारी पढ्नुहोस् किनकि यसले तपाईलाई के पढाई रहेको छ र किन पढाएको हो भनेर बुझ्न मद्दत पुर्याउछ।

किन्डरगार्डेन निर्देशन र गतिविधिहरू उमेर उपयुक्त र बच्चाहरुका व्यक्तिगत चरणहरू विकास पूरा गर्न डिजाइन गरिएको हो। हाम्रा शिक्षक, शिक्षिकाहरु र स्कूलका कर्मचारीहरू चलिरहेको अनुसन्धानमा आधारित व्यावसायिक विकास र हाम्रो पाठ्यक्रम, सकारात्मक कक्षाकोठाहरूको अनुभवमा भाग लिन्छन् जुन बच्चाहरूलाई आफ्ना संसार बारे ज्ञान विकास गर्न दिन डिजाइन गरिएको हो। किन्डरगार्डेन प्रोग्राममा यी निम्न अध्ययनहरु समावेश छन्:

किन्डरगार्डेन विद्यार्थीहरूले साक्षरता-आधारित पाठ्यक्रमको अनुभव गर्दछ जुन पढ्न, लेखन र शब्द अध्ययनको क्षेत्रहरूमा सिक्नको लागि विभिन्न बहु-संवेदी दृष्टिकोणहरू समावेश गर्दछ। कला, संगीत र शारीरिक शिक्षामा पनि अनुभव प्रदान गरीन्छ।

दैनिक अवलोकनको साथै औपचारिक र अनौपचारिक मूल्यांकन मार्फत बच्चाहरूको आवश्यकताहरूको आकलन जारी छ र किन्डरगार्डेन निर्देशन आधारको रूपमा सेवा प्रदान गर्दछ। यो जानकारी कक्षा शिक्षक, शिक्षिकालाई पाठको लागि योजना बनाउन पनि मद्दत गर्दछ। तपाईंको बच्चाको शिक्षक, शिक्षिकाले तपाईंको बच्चा स्कूलमा कस्तो गरिरहेको छ भन्ने बारेमा नियमित रिपोर्ट पठाउनेछ। तपाईले स्कूल देखि एक अभिभावक-शिक्षक/शिक्षिका कन्फरेन्सहरूको लागि छुट्याइएको दिन बारेमा एक सूचना प्राप्त गर्नुहुनेछ। शिक्षक, शिक्षिकाहरू आवश्यक पर्दा अन्य समयमा व्यक्तिगत अभिभावकहरूसँग बैठकमा बस्न ईसक्याजोल बनाउन पनि खुशी छन्। यदि तपाईसंग किन्डरगार्डेन प्रोग्राम बारेमा थप प्रश्नहरु छ भने कृपया Family Information Center लाई 615-259-INF0(4636) मा सम्पर्क गर्नुहोस्।
वा ***familyinfo@mnps.org***. मा सम्पर्क गर्नुहोस्।

**भाषा कला**

**गणित**

**विज्ञान**

**स्वास्थ्य**

**सुरक्षा**

**सामाजिक अध्ययन कौशल**



# महत्वपूर्ण जानकारी

## 1 स्कूल घण्टा

तपाईंको बच्चाको स्कूल खोल्ने र बन्द गर्ने समय स्कूलको वेबसाइटमा फेला पार्न सकिन्छ। (स्कूलको वेबसाइट फेला पार्न *www.mnps.org* मा जानुहोस्।) किन्डरगार्डेनको सुरुमा धेरै दिन अनुपस्थित हुँदा विद्यार्थी स्कूलमा पछि पर्न सक्छ। आफ्नो बच्चा स्कूलमा सधै उपस्थित हुने बानी बसाउन धेरै महत्वपूर्ण हुन्छ जहाँ हरेक दिन स्कूलमा सयममा जाने र पुग्ने र सके सम्म थोरै दिन अनुपस्थित हुन जरुरत हुन्छ। तपाईंको बच्चाको कक्षा ईसक्याजोल बारेमा जानाकरीको लागि कृपया तपाईंको बच्चाको स्कूललाई सम्पर्क गर्नुहोस्।

## 2 ब्रेकफास्ट/लन्चहरु

Office of Nutrition Services/पोषण सेवा कार्यालयले स्कूलको हरेक दिन ब्रेकफास्ट र लन्चको लागि स्वस्थ, पौष्टिक खाना प्रदान गर्दछ। पोषण सम्बन्धी जानकारी स्कूल वर्षको सुरूमा वितरित गरिएको अभिभावक / विद्यार्थी ह्यान्डबुकमा समावेश छ वा MNPS वेबसाइट *www.mnpsnutritionservices.org*. मा पाउँन सकिन्छ।

## 3 औषधि/विशेष हेरचाह आवश्यकताहरु

प्रिस्क्रिप्शन वा गैर-प्रिस्क्रिप्शन औषधि प्रशासनलाई जिल्ला द्वारा प्रदान गरिएको फारम प्रयोग गरी लिखित अभिभावक/असंरक्षकको अनुरोध चाहिन्छ जसमा निम्न समावेश हुनेछ:

- विद्यार्थीको नाम
- अभिभावक/संरक्षकको नाम र ठेगाना
- औषधिको नाम, खुराक (डोस), प्रशासन समय र प्रशासन मार्ग
- खान रोकिएको मिति
- औषधिको आवश्यक भएको कारण

विद्यार्थीको अभिभावक/संरक्षकले "निम्न कुराहरुको लागि अनुरोध पूरा गर्नुपर्छ: प्रिस्क्रिप्शन र गैर-प्रिस्क्रिप्शन औषधिहरूको सहायक स्व-प्रशासन" फारम। स्वीकृत भएपछि औषधि स्कूलमा अभिभावकहरु वा संरक्षकहरुले लानु पर्छ। बच्चाहरूलाई औषधि प्रशासन गर्ने नीति बारेमा तपाईंको बच्चाको स्कूललाई सम्पर्क गर्नुहोस्। यदि स्कूल लागेको समयमा बच्चालाई कुनै नर्सिंग हेरचाहको आवश्यकता छ भने अभिभावकलाई स्कूल प्रिन्सिपलसंग सम्पर्क गर्न आग्रह गरिन्छ। यसको उदाहरणहरूमा क्याथेटराइजेशन, रगतमा चिनी निगरानी, र सिजर (seizure) सावधानीहरू पर्छन्। नर्सहरू यी आवश्यकताहरू पूरा गर्नका लागि अभिभावक र चिकित्सकको सहयोग र इनपुटको साथ समन्वयको व्यवस्था गर्न सहयोग पुर्याउछन्।

## 4 स्कूल बन्द गर्ने वा रद्द गर्ने सूचना प्रक्रिया

यदि स्कूलहरू आपतकालिन, खराब मौसम, वा बच्चाहरू र स्टाफको सुरक्षालाई असर गर्न सक्ने कुनै पनि अन्य अवस्थाको कारण बन्द वा रद्द गरिएका छन् भने एक आधिकारिक सूचना जिल्ला वेबसाइट *www.mnps.org*, मा पोस्ट गरिनेछ र स्थानीय टेलिभिजन र रेडियो स्टेशनहरू द्वारा सूचित गरिनेछ। स्थिति अनुसार जिल्लाले परिवारहरूलाई स्वचालित कल पनि गर्न सक्छ। यदि तपाईं हाम्रो वेबसाइटमा जान सक्नुहुन्न भने स्कूल खुला वा बन्द हुने बारेमा भर्खरको जानकारीको लागि तपाईंले Family Information Center लाई 615-259-INFO(4636) मा कल गर्न सक्नुहुन्छ।

## 5 विद्यार्थी-अभिभावक ह्याण्डबुक

जिल्लाको वेबसाइटमा सबै परिवारका लागि विद्यार्थी-अभिभावक ह्याण्डबुक डिजिटल रूपमा उपलब्ध छ। यो ह्याण्डबुकमा तपाईले ब्रेकफास्ट र लन्च प्रोग्रामहरू, स्कूल परामर्श सेवाहरू, गृहकार्य, अभिभावक / शिक्षक कन्फरेन्सहरू, स्कूल आपतकालिनका लागि अनुसरण गर्ने प्रक्रियाहरू, स्कूल बन्द हुने र रद्द गर्ने कामहरू, विद्यार्थी आचरण र विद्यार्थी प्रगति रिपोर्ट बारेमा सहयोगी जानकारी पाउनुहुनेछ। विद्यार्थी-अभिभावक ह्याण्डबुक ***www.mnps.org/handbook***. मा गएर फेला पार्न सकिन्छ।

## 6 मानक-आधारित पाठ्यक्रम

टेनेसी राज्य शैक्षिक मानकहरू किन्डरगार्डेनको सुरुमा लागू गरिन्छ। किन्डरगार्डेनमा पढाएको मानकहरु र पाठ्यक्रम बारे थप जान्नको लागि कृपया ***www.mnps.org*** मा गएर Learn सेक्सन (Curriculum र Instruction मुनि) मा जानुहोस्।

# स्कूल **समर्थनहरु**

## 1 चायल्ड केयर सेवाहरु

तपाईंको बच्चाको शैक्षिक अनुभवलाई स्कूल समय पछि पनि विस्तार गर्न चायल्ड केयरको लागि धेरै विकल्पहरू छन्। प्रोग्रामहरु र प्रदायकहरू स्कूल अनुसार फरक हुन्छन्। स्थानको आधारमा चायल्ड केयर प्रदायकहरूको पूर्ण रस्टर ***www.mnps.org*** मा गएर Extended Learning सेक्सन (Students & Families मुनि) मा फेला पार्न सकिन्छ।

## 2 पारिवारिक संलग्नता

हामी विद्यार्थीको पढाईलाई समर्थनको लागि शिक्षक, शिक्षीका र परिवारहरु बीच हुने सझोदारीलाई परिवार संलग्नता भन्छौं। सहयोगमा शिक्षक, शिक्षिका र परिवार बीच विस्वासिलो सम्बन्ध, शैक्षिक साझेदारी, र भइरहेको सञ्चार कायम राख्ने कुराहरु समावेश छन्। हामी परिवारहरुलाई शिक्षक, शिक्षिका र कर्मचारीहरु संग निर्देशन, हस्तक्षेप, उपलब्धि, व्यवहार, र आफ्नो बच्चाहरुको आवश्यकता बारेमा नियमित रुपमा कुराकानी गर्न प्रोत्साहित गर्छौं। थप रूपमा, स्कूलहरूले किन्डरगार्डेन अपेक्षाहरू बारे सूचित गर्नेछन् र तपाईंको बच्चाको शैक्षिक र व्यवहारिक प्रगतिमा सफलताहरू, चुनौतीहरू, र लक्ष्यहरूतर्फ वृद्धि सहित नियमित रुपमा अपडेटहरू प्रदान गर्नेछन्। परिवारहरु सँग स्कूल र जिल्ला शिक्षा अवसरमा आफ्ना बच्चाहरूको शिक्षा समर्थन गर्ने अवसरहरू पनि हुन्छन्। अभिभावक समर्थन संगठन बारे जानकारीको लागि तपाईंको बच्चाको स्कूललाई सम्पर्क गर्नुहोस्।

## 3 विशेष शिक्षा सेवाहरु

टेनेसी राज्य कानून/Tennessee State Law र Child Find अनुसार, हाम्रो स्कूलहरू प्रत्येक बच्चाहरु वास्तवमै आवश्यक पर्ने शिक्षाको वातावरण प्रदान गर्न प्रयास गर्छन्।

Child Find को उदेश्य विशेष शिक्षा र यस सम्बधित सेवाहरुको आवश्यक हुने विद्यार्थीलाई पहिचान गर्न, पत्ता लगाउन र मूल्यांकन गर्नु हो। एक समर्थन टीम/Support Team (S-Team) स्कूल कर्मचारीहरूको एक टीम हो जसले तपाईंको बच्चाको लागि व्यवहार, सामाजिक, भावनात्मक, शैक्षिक, र उपस्थिति समर्थन प्रदान गर्दछ। टीमले बच्चालाई पढ्ने वातावरणमा सफल हुन के संसाधनहरू आवश्यक छन् भन्ने बारे निर्धारण गर्नेछ। S-Team हस्तक्षेपका लागि उल्लेखित (रेफरल)गर्दैमा विशेष शिक्षाको लागि उल्लेख गरिएको मानिन्दैन। यद्यपि यो टीमले समस्याको पहिचान र औपचारिक उल्लेख (रेफरल) को बीचमा व्यापक मूल्यांकनको लागि एक मध्यवर्ती चरणको रूपमा कार्य गर्न सक्दछ।

MNPS प्रत्येक विद्यार्थीले आफ्नो आवश्यकता अनुसार मद्दत प्राप्त गर्दछ भन्ने कुरा सुनिश्चित गर्न समर्पित छ। यस कारणका लागि, हामी यसरी हेर्छौं कि विशेष शिक्षा सेवाहरूको लागि आवश्यक हुने पहिचान गरेका विद्यार्थीहरुका लागि एक व्यक्तिगत शिक्षा कार्यक्रम/Individual Education Program (IEP) छ जसले उनीहरूको आवश्यकताहरू सम्बोधन गर्दछ र उनीहरूको क्षमता अनुसार लागू हुन्छ। एक विद्यार्थीको IEP हाम्रो सबै टीम सदस्यहरू बीच अन्तर्क्रिया गर्ने सन्दर्भको बिन्दुको रूपमा काम गर्दछ। हामी सुनिश्चित गर्दछौं कि अनुदेशात्मक रूपमा उपयुक्त प्रत्येक विद्यार्थीसँग शैक्षिक प्रदर्शनको वर्तमान स्तरहरूमा आधारित IEP छ। सेवाहरु विद्यार्थीको जोन स्कूल वा आफूले छनौट गरेको स्कूलमा प्रदान गर्न सकिन्छ। विशेष शिक्षा सेवाहरु बारे थप जानकारी ***www.mnps.org*** मा गएर Exceptional Education सेक्सनमा (Learn मुनि) फेला पार्न सकिन्छ।

## 4 GIFTED AND TALENTED EDUCATION (GATE) / गिफ्टेट र प्रतिभाशील शिक्षा

MNPS GATE प्रोग्रामले शैक्षिक रूपमा गिफ्टेट/प्रतिभाशाली र बौद्धिक रूपमा प्रतिभाशाली विद्यार्थीहरूको लागि निर्देशनात्मक अवसरहरू प्रदान गर्दछ। GATE कक्षाहरूमा पढाइने पाठ्यक्रम विद्यार्थीहरूको आलोचनात्मक र सृजनात्मक सोच क्षमताहरू विकास गर्नमा केन्द्रित भएर कठोर, ह्यान्ड्स-अन, अन्तरक्रियात्मक र समस्यामा आधारित हुने गरी डिजाइन गरिएको छ। निर्देशकहरु अँतविषय क्षेत्र हो र Tennessee सामग्री मानकसँग पङ्क्तिबद्ध छ। GATE कक्षाहरू MNPS को प्रत्येक एलिमेन्ट्री र मिडल स्कूलको ग्रेड K-८ को लागि उपलब्ध छन्। विद्यार्थीहरूलाई GATE कक्षाहरूमा भाग लिनको लागि शैक्षिक रूपमा गिफ्टेट/प्रतिभाशाली वा बौद्धिक रूपमा गिफ्टेट भएको रूपमा पहिचान गर्नुपर्छ। थप जानकारी ***www.mnps.org*** को (Learn मुनि) को Gifted and Talented Education पेजमा गएर पाउन सकिन्छ।

## 5 स्कूल पोशाक (यूनिफर्म) र सामानहरु

कृपया तपाईंको बच्चाको स्कूल पोशाक र सामानहरु सम्बन्धित विशेष जानकारी पहुँच गर्न schools.mnps.org मा जानुहोस्। यदि तपाईसंग थप प्रश्नहरु छ भने परिवारहरुले Family Information Center लाई 615-259-INFO(4636) वा ***familyinfo@mnps.org*** मा सम्पर्क गर्न सक्छन्।

## 6 CAMPUS PORTAL क्याम्पस पोर्टल

MNPS Campus Portal ले परिवारलाई सजिलै अनलाईनमा हेर्न मिल्ने आफ्नो बच्चाको कक्षा सम्बधित जानकारी पहुँच प्रदान गर्दछ। जिल्लाको विद्यार्थी व्यवस्थापन सिस्टम भन्ने Infinite Campus संग सिधा जडान भएर यो Campus Portal ले अभिभावकलाई विद्यार्थीको ग्रेड, अनुशासन, र विद्यार्थीको उपस्थिती जस्ता वास्तविक समयको जानकारीमा पहुँच प्रदान गर्दछ।

Campus Portal/फ्यामली पोर्टलले इमेल, म्यासेज मोबाइल अलर्ट मार्फत शिक्षक र परिवारको बीच अझ राम्रो संचार बनाउछ। शिक्षक शिक्षिकाले व्यक्तिगत अभिभावक वा अभिभावकको ग्रुपलाई म्यासेज पठाउन सक्नेछन्। स्कूलले सबै परिवारका लागि सबै महत्वपूर्ण समाचार र घोषणाहरु पोस्ट गेरर देखाउन सक्षम हुनेछ। Campus Portal ***www.mnps.org/campusportal*** मा पहुँच गर्नुहोस्।

## 7 ENGLISH LEARNERS (EL) PROGRAM अंग्रेजी सिक्ने विद्यार्थीहरु (EL) प्रोग्राम

टेनेसी राज्य बोर्डको शिक्षा नियम (0520-01-19-.03) अनुसार, सबै विद्यार्थीहरू जसको Home Language Survey (HLS) गृह भाषा सर्वेक्षणले अंग्रेजी बाहेक अन्य भाषा संकेत गर्छ ताकि उनीहरु ESL सेवाहरूको लागि योग्य छ कि छैन भन्ने कुरा निर्धारण गर्न Department of Education / शिक्षा विभागले स्वीकृत अंग्रेजी भाषा प्रवीणता स्क्रिनरसँग जाँच गर्नुपर्छ। यदि विद्यार्थीले पास हुने मापदण्डहरू पूरा गर्दैन भने, विद्यार्थीलाई EL विद्यार्थीको रूपमा चिनिनेछ र प्रत्यक्ष ESL सेवाहरू प्राप्त गर्नेछ, जबसम्म अभिभावक वा संरक्षकले प्रत्यक्ष ESL सेवाहरू नलिने भनेर निर्णय गर्नुहुन्छ। स्कूलहरूले सीमित अंग्रेजी दक्ष अभिभावकहरूलाई उनीहरूले बुझ्न सक्ने भाषामा कुनै पनि प्रोग्राम, सेवा, वा क्रियाकलापको बारेमा जानकारी सञ्चार गर्नुपर्छ जुन अंग्रेजीमा दक्ष अभिभावकहरूको ध्यानाकर्षणमा बोलाइन्छ (US DE Office of Civil Rights)। यदि तपाईंलाई एक सभामा अनुवादकको सहयोगको आवश्यकता छ भने, कृपया तपाईको सेवाको व्यवस्था मिलाउन् स्कूललाई District Translation Department मा सम्पर्क गर्नु भन्नु होस्। EL प्रोग्रामको बारेमा जानकारी ***www.mnps.org*** (Learn मुनि) मा रहेको English Learners पेजमा गएर पाउन सकिन्छ।

# स्कूलमा जानको लागि **बस चढ्ने**

Metro Nashville Public Schools मा भर्ना भएको विद्यार्थी जो स्कूल छेत्रको १.२५ माइल भन्दा टाडा बस्छ त्यो विद्यार्थीलाई बस यातायात प्रदान गरिएको छ। स्कूलको कर्मचारीले यदि तपाइको बच्चा स्कूल बसमा सवारी गर्न योग्य छ कि छैन भन्ने बारेमा तपाईलाई मदत गर्नेछ। बस राउटको जानकारी *www.mnps.org/transportation* मा पहुँच गर्न सक्नुहुन्छ वा Family Information Center लाई 615-259-INFO(4636) मा सम्पर्क गर्न सक्नुहुन्छ।

यदि तपाईको बच्चा मेट्रो नेशभिल पब्लिक स्कूलमा भर्ना भएको छ भने MNPS Transportation Department ले अभिभावकलाई स्कूल सुरु हुन एक हप्ता अघि बस राउट मेल गर्नेछ। अभिभावक वा चुनेको ब्यक्तिलाई हेरेक दिन बच्चालाई बस स्टपमा ल्याउन र पिक अप गर्नु पर्छ। सबै विद्यार्थीलाई पिक अप गर्ने बेला बस स्टपमा १० मिनेट भन्दा अघि नआउनु भनेर सल्लाह दिईएको छ।

## स्कूल बस सुरक्षा सुझाव

अभिभावकको रुपमा, तपाईको बच्चाले प्रत्येक दिन स्कूलमा सुरक्षितको साथ जाने र घरमा फिर्ता आउन यी निम्न स्कूल सुरक्षा सुझावहरू पालना गरोस भनेर सुनिश्चित हुनुहोस।

- आफ्नो बच्चालाई बस स्टपमा बस आउन भन्दा १० अघि आइपुग्नु भनेर निश्चित गर्नुहोस।
- बस नजिकिंदै आउदा आफ्नो बच्चालाई बस स्टपको बाटोको छेउको कम्तिमा पाँच कदम टाढा उभिएर लाईन्मा बस्नु भनेर सम्झाउनु होस्।
- यदि बसले छोडेर गयो भने आफ्नो बच्चालाई कहिल्यै पनि बसको पछि नकुद्नु भनेर सम्झाउनुहोस्।
- आफ्नो बच्चाले यदि झरेको वा बिर्सेको चीज टिप्न छ भने कहिले पनि बसको अगाडी वा पछाडी नकुद्नु भनेर सम्झाउनुहोस्।
- बस पूर्ण रुपले नरोके सम्म आफ्नो बच्चालाई कहिले पनि बस भित्र नजानु भनेर निश्चित गर्नुहोस्।
- बस रोके पछि खोलेको ढोकामा छिर्ने बेला आफ्नो बच्चालाई रेलिंगमा दह्रोसित समात्नु भनेर सम्झाउनुहोस्।
- बसमा पस्ने बेला विद्यार्थीहरूले कहिले पनि अर्को विद्यार्थीलाई धक्का दिनु हुन्न।
- सबै बसमा चढ्ने विद्यार्थीहरु सीधा सीटमा जाने र चुपचाप संग बस्नुपर्छ। यसले बस चालकलाई सुरक्षित संग चलाउनमा ध्यान दिन मद्दत गर्छ।
- विद्यार्थीहरुले कहिले पनि बसको झ्याल बाहिर आफ्नो शरीरको कुनै पनि भाग निकाल्नु हुन्न।
- बस बाहिर भएको बेला आफ्नो बच्चालाई खतरा क्षेत्रको बारे थाहा होस् र सधैं बस चालकको दृष्टि भित्र छ भनेर निश्चित गर्नुहोस। खतरा क्षेत्र एक बसको सबै पक्षको १०-फुट व्यापक क्षेत्र हो - जहाँ छोराछोरीलाई हान्न सक्ने सबैभन्दा खतरा क्षेत्र हो। हो। बच्चाहरुलाई स्कूलको बस देखि सधै १० फिट टाढा रहन (वा जति सक्दो टाढा) र कहिले पनि बसको पछाडि नजानु भनेर सिकाउनु होस्। तिनीहरूलाई ड्राइभरले स्पष्ट देख्नको लागि बाटो काट्न अघि बस अगाडि पाँच विशाल कदम राख्नु भन्नु पर्छ।

# तपाईंको बच्चासँग पढ्ने

ठूलो स्वरले पढ्दा तपाईले आफ्नो बच्चालाई सबै भन्दा महत्त्वपूर्ण अनुभव प्रदान गर्न सक्नु हुन्छ। तपाईंको बच्चासँग ठूलो स्वरले पढ्दा शब्दावली बढ्छ, कथा बुझ्ने क्षमता विकास हुन्छ र पढ्न मन पराउछ। चार र पाँच वर्षका बच्चाहरू सबै प्रकारका कितावहरू सुन्न मन पराउछन्। तिनीहरूलाई पढाएर सुनाएका कथाहरू आकर्षक चित्रहरूको साथ छोटा हुनुपर्दछ वा तिनीहरूको ध्यान अवधिको आधारमा खण्डहरू छुट्टाउनु पर्छ।

तपाईंले आफ्नो बच्चालाई जुन किताव पढाउनु भएर सुनाउनु भए पनि यी निम्न कुराहरु याद राख्नुहोस्:

- तपाईं र तपाईंको बच्चाहरूले मनपर्ने कितावहरू छनौट गर्नुहोस्! यदि तपाईंले किताव पढ्न सुरू गर्नु भयो र मन परेन भने यसलाई छोडेर अर्कै किताव पढ्न प्रयास गर्न सक्नुहुन्छ।
- अनुहारको भावको साथ पढ्नुहोस्। ध्वनि प्रभावहरू बनाउनुहोस्, क्यारेक्टरहरूको लागि विभिन्न आवाज गर्नुहोस् - जुन तपाईं र तपाईंको बच्चालाई रमाईलो बनाउँदछ!
- यसलाई अन्तर्क्रियात्मक बनाउनुहोस्! त्यहाँ दोहोरिने शब्दहरू वा वाक्यांशहरू छन्? तपाइँको बच्चालाई सम्मिलित गराउनुहोस्।
- कितावमा आफ्नो बच्चाको लागि नयाँ शब्दहरु पहिचान गरेर त्यसको बारेमा छलफल गर्नुहोस्।
- चित्रहरु पढ्नुहोस्। के तपाईलाई थाहा छ तपाईले कुनै पनि शब्द नपढी चित्रको ईसारामा कथा पढ्न सक्नुहुन्छ? चित्र हेर्नुहोस् र आफ्नो बच्चालाई चित्रमा के भईरहेको छ भनेर सोध्नुहोस्? तपाईं तिनीहरूलाई यी प्रश्नहरु सोधेर मद्दत गर्न सक्नुहुन्छ, "यहाँ के भइरहेको छ?" "तिमीले के देख्यौ?" वा "अब तपाईलाई के हुन्छ जस्तो लाग्छ?"
- कितावको बारेमा कुराकानी गर्नुहोस्। कथा अन्तिम पानामा समाप्त हुनैपर्छ भन्ने छैन! तपाईले पढ्नुभएको कुराको बारेमा कुराकानी गर्नुहोस्। तिमीलाई के मन पर्यो? तिमीलाई के मन परेन? के तिमी आफूले पढेको कुरालाई आफ्नो जीवनसँग जोडान गर्न सक्छौ?

## पढ्न सुझाव दिएका लेखकहरू र शीर्षकहरू

- ***A Chair for My Mother*** by Vera B. Williams
- ***Ben's Trumpet*** by Rachel Isadora
- ***Blueberries for Sal*** by Robert McCloskey
- ***Bread and Jam for Frances*** by Russell Hoban Illustrated by Lillian Hoban
- ***Chicka Chicka Boom Boom*** by Bill Martin, Jr. and John Archambault, Illustrated by Lois Ehlert
- ***Dear Zoo*** by Rod Campbell
- ***Doctor De Soto*** by William Steig
- ***Farmer Duck*** by Martin Waddell, Illustrated by Helen Oxenbery
- ***Freight Train*** by Donald Crews
- ***Goodnight Moon*** by Margaret W. Brown, Illustrated by Clement Hurd















- ***Happy Birthday, Moon*** by Frank Asch
- ***Harold and the Purple Crayon*** by Crockett Johnson
- ***Horton Hatches The Egg*** by Dr. Seuss
- ***If You Give a Mouse A Cookie*** by Laura J. Numeroff, Illustrated by Felicia Bond
- ***Julius*** by Angela Johnson, Illustrated by Dav Pilkey
- ***Komodo!*** by Peter Sis
- ***Little Blue and Little Yellow*** by Leo Lionni
- ***Lyle, Lyle, Crocodile*** by Bernard Waber
- ***Madeline*** by Ludwig Bemelmans
- ***Make Way for Ducklings*** by Robert McCloskey
- ***Miss Nelson Is Missing*** by Harry Allard and James Marshall
- ***Mouse Paint*** by Ellen S. Walsh
- ***Mr. Gumpy's Outing*** by John Burningham
- ***Officer Buckle and Gloria*** by Peggy Rathmann
- ***Old Black Fly*** by Jim Aylesworth, Illustrated by Stephen Gammell







## याद राख्नुहोस्:

अन्य पढाई सुझावको लागि तपाईंको बच्चाको स्कूल वा तपाईंको स्थानीय नेभभिल सार्वजनिक पुस्तकालय शाखालाई सम्पर्क गर्नुहोस् । तपाईं आफ्नो परिवारको लागि निःशुल्क लाइब्रेरी कार्डको लागि अप्लाई गर्न सक्नुहुन्छ । पुस्तकालयले पपेट शो, पढ्ने समय, र अन्य रमाईलो इभेन्टहरू सहित पारिवारिक गतिविधिहरू प्रदान गर्दछ ।

# किन्डरगार्डेनको लागि तयार हुनुहोस्

## 1 सम्मर स्कूल सुरु हुन अघि

- यदि तपाईलाई चायल्ड केयर सेवाहरुको आवश्यक छ कि छैन भन्ने कुरा निर्धारण गर्नुहोस्। तपाईंको स्कूलले आफ्नो स्कूल भित्र वा नजिकैमा रहेको सेवाहरू पहिचान गर्न मद्दत गर्दछ।
- तपाइँको बच्चासँग प्रत्येक दिन पढ्नुहोस् र कथा वास्तविक हो वा काल्पनिक हो भनेर छलफल गर्नुहोस्। तपाईंको बच्चालाई के हुनेछ भनेर सोध्नुहोस्।
- तपाईंको बच्चासंग कुराकानी गर्नुहोस्। आफ्नो बच्चाले ऊ / उनीलाई चाहेको कुरा नरोई वा हातको इसाराले देखाउन भन्दा बोलेर बताउन सकुन भनेर निश्चित हुनुहोस्।
- तपाईको बच्चालाई पूर्ण वाक्यमा वर्णन र जवाफ दिन प्रोतसाहित गर्नुहोस्।
- तपाईंको बच्चालाई मूख्य रंगहरू: रातो, पहेंलो, निलो, हरियो पहिचान गर्न मद्दत गर्नुहोस्।
- तपाईंको बच्चालाई सुरक्षा कैंची, क्रेयन् (crayons) र गम स्टिकहरू (glue sticks) प्रयोग गर्न अवसर दिनुहोस्।
- तपाईंको बच्चा संग वस्तुहरु बारेमा कुरा गर्नुहोस। विभिन्न आकार र आकृति बारे छलफल गर्नुहोस। आफ्नो बच्चालाई छौरा सानो हुन्छ, घर ठूलो हुन्छ, रुख अग्लो हुन्छ र झाडी छोटो हुन्छ भनेर बुझाउनुहोस्। गोलो बल, स्क्वायर टेबल, र स्यान्डविचको कुनाहरूको बारे कुरा गर्नुहोस्।
- तपाइँको बच्चालाई साधारण नोटहरू लेख्नुहोस्।
- तपाईंको बच्चालाई जिम्मेवारी बारे थाहा दिन जोड दिनुहोस्। उसलाई खेल, स्कूल, वा सुत्ने समयको लागि लुगा लगाउन सिकाउनुहोस् वा खेलौना र लुगाहरु मिलाएर राख्न सिकाउनुहोस्।
- तपाईंको बच्चालाई अन्य बच्चाहरूको खेलौना र सामानको आदर गर्न सिकाउनुहोस्।
- तपाइँको बच्चालाई साथीमा हुन पर्ने गुणहरू हेर्ने र अपरिचितहरू व्यक्तिहरुमा हुने गुणहरु देखि सतर्क हुने बारे कुरा गर्नुहोस्।
- तपाइँको बच्चाहरुले आउने वर्षमा अनुभव गर्ने सबै राम्रा कुराहरु बारे छलफल गर्नुहोस्।
- एक देखि २० सम्म वस्तुहरु गन्ने अभ्यास गर्नुहोस्: कुकीहरू (cookies), पेन्नीहरु (pennies), पेबल्स (pebbles), क्रेयनहरु (crayons)। तपाईंको बच्चालाई दुई चम्चा, एक स्याउ र चार कितावहरू ल्याउन भन्नुहोस्। तपाइँको बच्चालाई अंक एक देखि १० लाई पहिचान गर्न सिकाउनुहोस्।
- तपाईंको बच्चालाई वर्णमाला, दुवै ठूला र सानो अक्षरहरू पहिचान गर्न सहयोग गर्नुहोस्।
- तपाईंको बच्चासँग पढ्नको लागि कितावहरू कसरी चेक आउट गर्ने र सम्मर प्रोग्रामहरूमा भाग लिने जान्नको लागि आफ्नो स्थानीय Nashville Public Library शाखालाई सम्पर्क गर्नुहोस्।

**थप जानकारी र गतिविधिहरूको लागि हाम्रो किन्डरगार्डेन तत्परता/रेडिनेस वेबसाइटमा जानुहोस्:**

**www.mnps.org/countdowntokindergarten**

## 2 स्कूल सुरु हुनु भन्दा अघिल्लो हप्ता:

- तपाईको बच्चाहरु संग ऊ/उनीहरुले स्कूलमा सबै असल कुराहरू अनुभव जारी गर्ने छ भनेर छलफल गर्नुहोस्।
- यदि आफ्नो बच्चा स्कूलमा हिडेर जान्छ भने ऊ/उनीलाई जाने बाटो पत्ता लगाउन मदत गर्नुहोस्। बाटोको सबै सुरक्षा नियम अभ्यास गर्न निश्चित हुनुहोस्।
- आफ्नो बच्चा संग चायल्ड केयर योजना बारे छलफल गर्नुहोस्।
- स्कूल सुरु हुने पहिलो दिन आफ्नो बच्चाको स्कूलमा भ्रमण गर्ने व्यवस्था बनाउनु होस्।
- पूरा किन्डरगार्डेन स्कूल दिनको लागि पर्याप्त जोश हुन आफ्नो बच्चालाई नियमित रुममा सुत्ने समयको स्थापन गर्नुहोस् र उनीहरुले उचित आरम प्राप्त भएको सुनिश्चित हुनुहोस्।
- आफ्नो बच्चाले टेलिभिजन हेर्ने समय र इलेक्ट्रोनिक डिभाईसको प्रयोग सिमित र निगरानी गर्नुहोस्। आफ्नो बच्चालाई कार्यक्रम वा अयाप छनौट गर्न मदत गर्नुहोस् जसले उपयुक्त विचार, व्यवहार र दृष्टिकोण प्रस्तुत गर्दछ।

## 3 स्कूल सुरु हुने अघिल्लो दिन

- आफ्नो बच्चालाई स्कूलको पहिलो दिनको लागि लुगा चुन्न मद्दत गर्नुहोस्।
- आफ्नो बच्चा संग घरमा वा हेरविचार गर्ने ठाउँमा जाने बारे समीक्षा गर्नुहोस्।
- आपतकालीनमा आफ्नो बच्चासंग कसलाई सम्पर्क गर्ने बारे छलफल गर्नुहोस्। ऊ/उनीलाई आपतकालीनमा एक भन्दा बढी व्यक्तिको फोन नमबर थाहा छ भनेर निस्चित हुनुहोस्।

## 4 स्कूलको पहिलो दिन

- स्कूल सुरु हुने केही दिनमा उसको साथ नबसी आफ्नो बच्चालाई सजिलै र चाँडै समयोजना गर्न मद्दत गर्नुहोस्।
- शिक्षकले पठाएको सूचना र सन्देशहरू सधैं साझेदारी गर्न महत्त्वपूर्ण हुन्छ भनेर छलफल गर्नुहोस्।
- आफ्नो बच्चालाई स्कूलमा ऊ/ उनीले दुई ओटा सिकेको कुराहरूको नाम सोध्नुहोस्।
- आफ्नो बच्चा संग उत्साहित भएर स्कूलको बारेमा कुरा गर्नुहोस् जसले उनीहरुलाई प्रोत्साहन प्रदान गर्नेछन् र अर्को दिन स्कूल जान आत्मविश्वास महसुस गर्नेछन्।

**हामी तपाई र तपाईको बच्चालाई किन्डरगार्डेनको लागि स्कूलको पहिलो दिनमा भेट्न उत्साहित छौँ।**

METRO NASHVILLE PUBLIC SCHOOLS

*www.mnps.org • 615-259-INFO(4636)*

METROPOLITAN NASHVILLE PUBLIC SCHOOLS (MNPS) ले कार्यक्रम सेवा वा गतिविधिहरुको लागि भर्ना, पहुँच, वा कार्यमा जाति, पंथ, लिङ्ग, पहिचान, यौन झुकाव, राष्ट्रिय मूल, रंग, र अशक्तता आधारमा भेद गर्दैनन्। MNPS ले यसको हाइरिङ वा रोजगार अभ्यासहरूमा भेद गर्दैनन्।